आकाशवाणी

monday 27-10-25

मुख्य समाचार।

- प्रधानमन्त्रीले निष्पक्ष, अनुदान-आधारित जलवायु वित्तको आवश्यकतामा प्रकाश पार्नुभयो,
- राष्ट्रपति र उपराष्ट्रपतिले छठ पूजाको दिनुभयो शुभकामना
- गृह मन्त्रीले, सरकारले गहिरो समुद्रमा माछा पक्डीने लगभग दुई सय ठूला जहाज, वितरण गर्ने योजना बनाएको दिनुभयो जानकारी
- देशको रक्षा विनिर्माणमा निजी क्षेत्रको भागीदारी बढिरहेको रक्षा मन्त्रीको भनाइ, अनि
- इलेक्ट्रोनिक्स एवं सूचना प्रौद्योगिकी मन्त्रालयले ई.सी.एम.एस अन्तर्गत सात आवेदनको पहिलो श्रृंखलालाई दिएको छ स्वीकृती

----------

**प्रधानमन्त्री- भूपेन्द्र यादव - लेख**

प्रधानमन्त्री नरेन्द्र मोदीले केन्द्रीय मन्त्री **भूपेन्द्र यादव** द्वारा लिखित त्यो लेख साझा गर्नुभयो जसमा भनिएको छ , जलवायुको रक्षा भारतको नैतिक कर्तव्य हो र वैश्विक जलवायु कार्रवाईको केन्द्रबिन्दु हो । प्रधानमन्त्रीले सोशल मीडिया पोस्टमा निष्पक्ष, अनुदान-आधारित जलवायु वित्तको आवश्यकतामा प्रकाश पार्नुभयो, जसले ऐतिहासिक जिम्मेवारीहरूलाई मान्यता दियोस् र

विकासशील देशलाई समान रूपले समर्थन प्रदान गरोस् ।

## 25 संशो राष्ट्रपति उपराष्ट्रपति - छठ पूजा

**राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति सी पी राधाकृष्णनले** छठ पूजाको शुभकामना दिनुभयो । एउटा सोशल मीडिया पोस्टमा राष्ट्रपतिले भन्नुभयो, यो पर्व सूर्य देव र छठी मैयाको पूजा र प्रकृति  प्रति कृतज्ञता व्यक्त गर्ने अवसर हो। उहाँले आशा व्यक्त गर्नुभयो , छठ पर्वले प्रत्येकको  जीवनमा सुख र समृद्धि लाउनेछ र मानिसलाई पर्यावरण संरक्षणका लागि प्रेरित गर्नेछ । उपराष्ट्रपतिले भन्नुभयो, यो पर्वले सबैका भगवान सूर्य र छठी मैया प्रति कृतज्ञता व्यक्त गर्ने अवसर प्रदान गर्छ ।उहाँले भन्नुभयो, यो महापर्व प्राकृतिक सन्तुलन, सामाजिक एकता र आध्यात्मिक ऊर्जाको उदहारण हो। श्री राधाकृष्णनले, छठी मैयाले  सबैको जीवनमा सुख, समृद्धि र नयाँ ऊर्जाको संन्चार गर्नुहोस् भनी कामना गर्नुभयो ।

## अमित शाह - मझगांव

गृह मन्त्री अमित शाहले भन्नुभयो, सरकारले अगािलो पाँच वर्षमा देश भरीमा सहकारी आधारमा गहिरो समुद्रमा माछा पकड्ीने लगभग दुई सय ठूला जहाज वितरण गर्ने योजना बनाएकोछ । उहाँले आज मुम्बई **मझगाउँ बन्दरगाहमा** प्रधानमन्त्री मत्स्य सम्पदा योजना अन्तर्गत गहिरो समुद्रमा

म◌ाछ◌ा पकड्ने द◌ुई  जहाज वितरण गर्ने र लाभार्थ◌ीहरूलाई जहाज पन्जीकरण प्रमाणपत्र र प्रतीकका रूपमा जहाजको चाब◌ीहरू सुम्पिए पछि सभालाई सम्बोधन गर्नुभयो। उहाँले सरकारको उद्देश्य भारतको मत्स्य उद्योगलाई बलियो गर्नु र मछुवाहरू सम्म लाभ प◌ुर्याउनका लागि समुद्री उत्पादहरूको संग्रह, प्रसंस्करण र निर्यातलाई सुविधाजनक बनाउनका लागि एउटा व्यापक योजना शुरू गर्नु रहेको बताउनुभयो।

## 39 राजनाथ एसआईडीएम

रक्षा मन्त्री राजनाथ सिंहले भन्नुभएको छ, देशको रक्षा विनिर्माणमा निजी क्षेत्रको भागीदारी बढ◌िरहेकोछ । श्री सिंहले भन्नुभयो, भारतको रक्षा निर्यात अब र◌ेकर्ड तेइस  हजार पाँच सय करोड़ रुप◌िय◌ा◌ँ पुगेकोछ । नयाँ  दिल्लीमा एस.आई.डी.एम वार्षिक सम्मेलनलाई सम्बोधन गर्दै श्री सिंहले भन्नुभयो, पछ◌िल◌ो एक दशकमा देशको घरेलू रक्षा उत्पादन बढ़◌ेर र◌ेकर्ड डेढ़ लाख करोड़ रुप◌िय◌ा◌ँ भन्दा अधिक भएकोछ र यसम◌ा निजी क्षेत्रको तेतिस  हजार करोड़ रुप◌िय◌ा◌ँ भन्दा अधिकको योगदान छ । अपरेशन सिन्दूरको सफलतालाई सराहना गर्दै रक्षा मन्त्रीले नवाचार, डिज़ाइन र विनिर्माणको मोर्च◌ामा अथक परिश्रमका लागि उद्योग जगतको सराहना गर्नुभयो ।

श्री सिंहले बताउनुभयो, कसरी आकाश मिसाइल प्रणाली, ब्रह्मोस, आकाशतीर

वायु रक्षा नियन्त्रण प्रणाली र केही अन्य स्वदेशी उपकरण र प्लेटफर्मले अपरेशन सिन्दूरमा आफ्नो क्षमता देखायो । उहाँले भन्नुभयो, देशको स्वदेशी उपकरणले क्षेत्रीय स्तरमा मात्र नभएर, अन्तर्राष्ट्रीय स्तरमा पनि भारतको प्रतिष्ठा बढ़ाएकोछ।

रक्षा मंत्रीले भन्नुभयो, सरकारले घरेलू विक्रेताहरूलाई बढ़ावा दिने प्रयास गरिरहेको छ । उहाँले भन्नुभयो ,प्लेटफर्म, प्रणालीहरू र उप-प्रणालीहरूलाई विस्तारै स्वदेशी बनाउनु पर्छ । श्री सिंहले सेना, नौसेना र वायुसेनाका साथ विभिन्न रणनीतिक समझौता ज्ञापनका माध्यमले उद्योगी र सशस्त्र बल बीच महत्वपूर्ण सहयोग स्थापित गर्नका लागि एस.आई.डी.एम –को सराहना गर्नुभयो ।

## 65 अश्विनी-ईसीएमएस अनुमोदन

इलेक्ट्रोनिक्स एवं सूचना प्रौद्योगिकी मन्त्रालयले आज इलेक्ट्रोनिक घटक विनिर्माण योजना – ई.सी.एम.एस अन्तर्गत सात आवेदनको पहिलो श्रृंखलालाई स्वीकृती दिएको छ। यस आवेदनहरूमा कुल पाँच हजार पाँच सय बतिस करोड़ रुपियाँ निवेश र चवालिस हजार चार सय छ करोड़ रुपियाँको अपेक्षित उत्पादन शामेल छ । यी परियोजनाहरूबाट पाँच हजार भन्दा अधिक प्रत्यक्ष रोजगार सृजित हुने आशा छ ।

## जर्मनी-युद्धविराम स्वागत

जर्मनीले मलेशियामा आसियान शिखर सम्मेलनमा थाईल्याण्ड र कम्बोडिया बीच भएको विस्तारित युद्धविराम समझौतालाई स्वागत गरेकोछ  भने दुबै देश संग आफ्नो सीमाहरू फेरी खोल्ने र व्यापार सम्बन्धलाई फेरी शुरू गर्ने पनि आग्रह गरेको छ । जर्मनीको विदेश कार्यालयले सोशल मीडिया पोस्टमा भनेकोछ, **कुआ लालनपुरमा** आसियान शिखर सम्मेलनमा थाईल्याण्ड र कम्बोडिया  बीच विस्तारित युद्धविराम समझौता ,क्षेत्रमा शान्ति र स्थिरताको दिशामा एक महत्वपूर्ण कदम हो। थाईल्याण्डका प्रधानमन्त्री **अनुतिन चारन विराकुल-ले** कम्बोडियाई नेताहरूका साथ मिलेर दुबै देश  बीच सैन्य संघर्ष समाप्त गर्नका लागि एउटा ऐतिहासिक शान्ति समझौतामा हस्ताक्षर गर्नुभयो ।

## 64 कृषि शिक्षा-चौहान

कृषि एवं किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले भारतीय कृषि अनुसन्धान परिषद – आई.सी.ए.आर-बाट कृषि शिक्षामा सुधारका लागि सबै रिक्त पदहरूलाई तत्काल भर्ने अनुरोध गर्नुभयो। श्री चौहानले आज नयाँ दिल्लीमा राष्ट्रीय कृषि छात्र सम्मेलनमा यसो भन्नुभएको हो । उहाँले भन्नुभयो नयाँ शिक्षा नीति अनुरूप गुणवत्तापूर्ण कृषि शिक्षामा राष्ट्रलाई परिवर्तन गर्ने शक्ति छ। यस सम्मेलनमा देश भरीका कृषि छात्रले भाग लिए र हज़ारौं छात्र वर्चुअल माध्यमले जोड़ीए । सम्मेलनमा आई.सी.ए.आर र कृषि विश्वविद्यालयहरूका

कृषि वैज्ञानिक, प्रोफेसर र वरिष्ठ अधिकारीहरू उपस्थित थिए। सम्मेलनको मुख्य उद्देश्य ज्ञान, नवाचार, अनुसन्धान र आधुनिक कृषि तकनीकको आदान-प्रदान सुनिश्चित गर्नु हो ।

**तेलंगाना- स्वास्थ्य चेतावनी**

तेलङ्गानामा जन स्वास्थ्य निदेशकले परामर्श जारी गरेर नागरिकलाई मौसम जन्य बीमारीसंग सावधान रहने आग्रह गरेकोछ। यो परामर्श मौसम विभाग हैदराबादबाट जारी त्यस अनुमान पछि आएको हो, जसमा राज्य भरीमा अलग-अलग स्थानमा एक हप्ताह सम्म हल्का देखी मध्यम र तेज वर्षाको कुरा गरिएको थियो । निदेशकले एउटा विज्ञप्तिमा भन्नुभएकोछ , अहिलेको मौसमका कारण तापमानमा गिरावट, आद्ररतामा वृद्धि र मलेरिया, डेङ्गू, चिकन गुनिया, पहेलो जन्डीस , टाइफाइड र भाइरल जोरो जस्तो भेक्टर, जल र वायुजन्य बीमारीहरूमा वृद्धि हुन सक्छ । नागरिकलाई मच्छरको प्रजनन र मच्छरजन्य बीमारीबाट बाच्नका लागि सबै सावधानीहरू अप्नाउने सलाह दिएएकोछ।

--------